# स्थानीय निकयमा सुचना तथा संचार प्रविधि क्षेत्रमा भएका कृयाकलापहरू :

सूचना, सञ्चार एवम् प्रविधिको क्षेत्रमा भएको यूगान्तकारी परिवर्तन संगसंगै एक्काईसौं शताब्दीको यात्रामा लागेको वर्तमान समयले आजको यूगलाई  विज्ञान र प्रविधिको यूग हो भन्ने कुरा पुष्टि गरिसकेको छ । मानवको दैनिक जिवन एवम् बिकासको लागि अपरिहार्य पुर्वाधार र समग्र बिकास ब्यवस्थापनको क्षेत्र प्रविधिमा निर्भर छ । हरेक कार्यको निम्ति आधारभुत औजारको रुपमा रहेको सूचना र सञ्चार प्रविधिले मुलुकको सर्वाङ्गीण बिकासमा बिशिष्ट महत्व राख्दछ । सूचना तथा संचार प्रविधिको सक्षमता र प्रभावकारीतामा निर्भर रहने हूनाले समुदायलाई जागरुक र चेतनशिल तूल्याई सभ्य, सुसंस्कृत एवं समनता समाजको निर्माण गर्न सम्पादन गरिने संपूर्ण कृयाकलाप ब्यवस्थित ढंगले सञ्चालन गर्न यस क्षेत्रको बिकास बिस्तार प्रयोग र परिचालन अनिवार्य हून्छ । त्यसैले कूनै पनि कार्यसम्पादनको लागि सूचनालाई शक्तिको रुपमा लिईन्छ ।यसै शक्तिलाई प्रयोग गरि चितवनलाई सूचना प्रविधि शहरको रुपमा विकास र कागजि प्रयोगमा कमि गर्दै लैजाने क्रियाकलाप आवाधिक योजनामा रहेको छ । सूचना तथा संचार प्रविधिको व्यवसायिक विकास गर्दै वजार सूचना प्रणालीसंग आवद्ध गराई स्वदेश तथा विदेशका विभिन्न ठांउहरुसंग सम्वन्धनको विकासमा विशेष जोड दिनु पर्ने छ । हामिलाई हरपलमा सूचना तथा संचार प्रविधि आवश्यक रहन्छ । सूचना तथा संचार प्रविधि बिना हाम्रो हाम्रो जीवन कस्तो हुन्छ भनेर कल्पना गर्न चाहन्नौं, जुनसुकै बेला पनि हामि प्रविधिसंग अध्यावधिक हुदै जानु पर्ने हुन्छ, अन्येथा हामि आफैलाई कुनै दुर्गम स्थानमा रहेको महसुस गर्न थाल्छौं ।

व्यात्तिगत जिवन मात्र नभई सार्वजनिक क्षेत्रमा पनि सूचना तथा संचार प्रविधिको उत्तिकै महत्वपुर्ण छ । चाहे हामी ले गरिने दैनिक क्रियाकलापहरु होस या सार्वजनिक क्षेत्रहरुवाट दिईने सेवाहरु होस कुनै न कुनै रुपमा सूचना प्रविधि संग प्रभावित हुन्छ । सेवाग्राही हरुको बढी भिड भाड हुने मध्येको सार्वजनीक निकाय भनेको स्थानीय निकाय पनि हो । नपा तथा गाविसस्तरको स्थानीय सरकार वा जिल्ला स्तरको सरकारको रुपमा रहेको जिल्ला विकास समितिहरुमा जहां जनताले सरकारको उपस्थिति रहेको महृसुस गर्न पाउछन् । जिल्ला विकास समिति, नगरपालिका र गाउं विकास समिति ती स्थानीय निकाय हुन् जहां हाम्रो आधारभुत विवरण जस्तै जन्म, मृत्यु,  विवाह, बसाइ सराइ र सम्वन्ध विच्छेद आदि घटना दर्ता गरि अभिलेख राखिएको हुन्छ साथै सामाजिक सुरक्षा भत्ता, आवाधिक, वार्षिक योजना, जिल्लाको वस्तुगत विवरण, भएका गतिविधि एवम् विपद्का विविध विवरणहरु पनि अभिलेख गरि राखिएको हुन्छ । जसले अभिलेख गरिएका कुराहरु छिटै नै ह्रास हुने एवम खोज्दा खोज्दै नपाईने खालका हुन जाने हुन्छ जुन सूचना प्रविधि प्रयोगले छिटो छरितो र पारदर्शि हुन जान्छ ।

स्थानीयस्तरमा विकासका गतिबिधिहरु संचालन गर्ने एवम् जनताको नजिक रहेको र सर्वसाधारण को वढि चासो रहेका स्थानीय निकायहरुलाई आधारभूत एकाई रुपमा लिन सकिन्छ । प्रविधि प्रयोजनका लागी प्रविधिको साथसाथै कर्मचारीको क्षमता अभिवृद्धि गर्नु पर्ने र स्थानीय रुचिका अलवा सेवाग्राही जनताको चेतनास्तर र पहुंचको राम्रो ख्याल गरी गुणस्तरिय सेवा प्रदान गर्नु पर्दछ  ।

नेपालमा हाल आएर सूचना तथा संचार प्रविधिमा सर्वसाधारणको बढ्दो रुचि तथा प्रविधिको पहुंचले सेवा प्रवाहमा स्थानिय निकायहरुले सूचना तथा संचार प्रबिधि प्रयोग गर्नुपर्ने संकेत गरिरहेको छ । यसले सेवा प्रदायक र सेवाग्राही दुबैलाई फाइदा पुग्ने देखिन्छ ।स्थानीय निकायका कर्मचारी तथा सेवा ग्राही नागरिकहरु यसवाट प्रत्यक्ष एवम् अप्रत्यक्ष रुपमा लाभान्वित हुन्छन । गुणस्तरिय सेवाका लागी सूचना तथा संचार प्रविधिको प्रयोग र सक्षम कर्मचारीवाट मात्र चुस्त दुरुस्त सेवा नागरिकहरुलाई प्रदान गर्न सकिने छ ।

नेपालमा अझै पनि ठुला ठुला फाईलहरुको चाङले ओगटेको कार्यालयहरुमा देख्न सक्छौं । सर्वसाधारणले सूचना माग गर्‍यो भने ति ठुला ठुला फाईलहरु खोज्ने र किराले खाएका तथा भग्नवषेश रुपमा देखिएका ढड्डा पल्टाउने गरिन्छ । हामीले खोजेको सूचना पत्ता लगाउन धेरै समय खर्चिने हुन्छन, धेरै कर्मचारी यस्तै काममा व्यस्त रहन्छन् । यति गर्दा पनि हाम्रो काम बन्छ कि बन्दैन टुंगो हुदैन । यसले हाम्रा सरकारी कार्यालयको कार्यसैलीलाई प्रतिविम्वित् गर्छ

जहां सेवा प्रदायक र सेवा ग्राही दुवै पिडित छन्र यस्तो परिपाटीलाई परिवर्तन गर्न पनि सूचना तथा संचार प्रविधिको प्रयोगमा जोड दिनु आवश्यक देखिन्छ। साथै विश्व ले अंगीकार गरेको यो प्रविधि नेपालले पनि प्रयोगमा नल्याईकन सुखै छैन।

जनताको नजिक भएर कार्य गर्ने स्थानीय निकायहरुमा सूचना तथा संचार प्रविधिको प्रयोग गर्नुको पछाडी धेरै फाइदा छन्। हाल कालिका नपामा भएको गतिविधिहरुलाई पनि तुलनात्मक रुपमा समावेश गरिएको छ।

| क्र स | सम्वन्धित विषयमा हाल भैरहेको गतिविधिहरू |
|---|---|
| १ | कार्यालयका चिठी, प्रतिवेदन, फारम, गतिविधि, योजना, वैठकका निर्णय लगायत विविध विषयहरुलाई कम्प्यूटरमा प्रविष्ट गरि मागेको समयमा सूचना दिने व्यवस्था गरिएकोछ। साथै प्रत्येक कोठामा डेष्कटप र प्रिन्टरको व्यवस्था गरिएको छ। सेवाग्राहीले मागेको सूचनाहरु तुरुन्त दिन र अध्यावधिक गरि सूचना दिन सहयोग भएको छ। |
| २ | |
| ३ | कागजी प्रयोगलाई कम गर्ने कार्यलाई प्रोत्साहन दिदै वेभसाईट, एसएमएस, कम्प्यूटर, पेनड्राइभ, प्रोटेवल हार्डडिस्क, ल्यावटेव लगायत मोवाईल एप्स को प्रयोगमा वृद्धि भएको छ। फाईलको ढड्डालाई विस्तारै कम प्रयोगमा ल्याउने कार्यमा प्रत्सोहान दिईएको छ।जसले लामो समयसम्म तथा सुरक्षित गरि राख्न विभिन्न प्रविधिको प्रयोग हुदै आएको छ। तर अझै पनि फाईलको चाङलाई देख्न सकिन्छ। |
| ४ | सूचना प्रविधि मैत्रि वनाउनका लागी ईमेल, ईन्टरनेट, वेभपेज, मोवाईल एप्स, मोवाईल, लेड् म्यासेज डिस्प्ले, Digital Information Desk with Citizen Charter, समुहगत एसएमएस, Finger touch attending system, Facebook, Intercom Systems, आदी ले संचार प्रविधि मैत्रि का लागी विभिन्न साधनहरु जस्तै कम्प्यूटर, ल्यावटेव, मोवाईल, टेलिफोन, फ्याक्स, फोटोकपि, प्रिन्टर, प्रोजेक्टर, आदी प्रयोगमा आईरहेको। |
| ५ | कालिका नपाको गतिविधि वेभसाईट, मोवाईल एप्सवाट देख्न सकिन्छ भने नगरको वृस्तित जानकारी मूलक विषयहरु श्रव्यदृश्यवाट देख्न सकिन्छ। |
| ६ | कार्यालयमा औंला छापको माध्यमबाट हाजिरी गर्ने प्रविधि प्रयोगमा ल्याईएको छ जसले कार्यालय आएको समय र कार्यालयबाट बाहिर गएको समय हेर्न सकिन्छ। |
| ७ | सबै कर्मचारीहरुलाई क्षमता अभिबृद्धी गर्न बेला बेलामा कम्युटर तथा सूचना प्रबिधि सम्बन्धी तालिम दिईने व्यवस्था गरिएको छ, साथै कर्मचारीहरुलाई कम्प्युटर वा ल्यापटपको पनि व्यवस्था कार्यालयबाट गरिएको छ। |
| ८ | लेखा शाखा, योजना शाखामा सफ्टवेयरबाट आफ्नो शाखाको कार्य गर्न तालिम को आवश्यकता पहिचान गरि आव ०७५/०७६ मा व्यवस्था गरिएको छ। आआफ्नो शाखाको जिम्मेवारी अनुसार सफ्टवेयर निर्माण गर्दै लगिने व्यवस्था गरिएको छ। |
| ९ | टेलिफोन सेवा (Intercom system) बाट विभिन्न शाखाहरुको टेलिफोन सेट मार्फत् सूचना खबर लिने दिने कार्य भईरहेको छ। साथै टेलिफोनवाट नै उपस्थिति तथा कार्यक्रमका लागी अनुरोध गरिएको छ। |
| १० | कार्यालयमा सेवाग्राहीहरुको भिडभाड हुने शाखाहरु देखिने गरी सिसि क्यामेरा जडान गरिएको छ, उक्त क्यामेराको माध्यमबाट कार्यालय प्रमुखले आफ्नै कार्यकक्षमा बसेर सेवाग्राहीहरु र शाखाका कर्मचारीको विच भैरहेको गतिविधिलाई अनुगमन गर्न सक्नुहुनेछ। |
| ११ | कालिकाका वडा कार्यलयहरुलाई आवश्यक नदेखिएकोले व्यवस्था गरिएको छैन। यदि भिडभाड हुने भएमा कालिका नपाले राख्नु पर्ने वाध्यता रहन्छ। |
| १२ | नागरिक वडा पत्र को व्यवस्थापन एवम् कार्यन्वयन भएको छ। |
| १३ | नागरिकले घरमै बसीबसी कार्यालयका सूचनाहरु नगरको इमेल, वेभपेज, मोवाईल एपस्, सामाजिक संजाल आदिवाट प्राप्त गर्न सक्छन्। नगरका गतिविधिहरु यिनै माध्यमवाट घरघरमा वसेर हेर्न र देख्न सकिन्छ। |
| १४ | टोल फ्री नम्बर हाल नभएको तर अन्य प्रविधि प्रयोग गरि कार्यालयको सेवा सुविधा वारे जानकारी लिन |

| | |
|---|---|
| | सकिन्छ । |
| १५ | ईमरजेन्सी बैठक, प्रकोप व्यवस्थापन समितिको बैठक, परिषदको लागि सहभागी, समिक्षामा हुने सहभागीहरु, सार्वजनिक सुनुवाईका सहभागीहरु, मन्त्री को आगमन वा अन्य ठुला ठुला छलफल एवं अभिमुखीकरण कार्यक्रममा निमन्त्रणा एवं सहभागी गराउनका लागि समुहगत एसएमएस प्रणाली प्रयोगमा आईरहेको छ । |
| १६ | नगरको ईमेल वा प्रत्येक कर्मचारीको ईमेल मार्फत माग गरेको विवरण तथा कागजातहरु पठाउन सकिने व्यवस्था छ भने ईमेल मार्फत जानकारी दिने, सहभागी गराउने र आवश्यक विवरणहरु नगरले प्राप्त गर्ने व्यवस्था छ ।समुहगत ईमेलवाट गतिविधि हरुको जानकारी दिने लिने कार्य भैरहेको छ । |
| १७ | आगमी समयमा राजस्व, दर्ता चलानी र सामाजिक सुरक्षा शाखाहरुमा सफ्टवेयर तथा अनलाईन इन्ट्रि गरि सुदृढीकरण गर्दै लगिनेछ । |

सूचना तथा संचार प्रविधिको माध्यम वाट मात्र सुशासन हुन सक्छ भन्ने विश्वव्यापी मान्यतालाई नेपाल ले अंगीकार गरेको छ । E-Governance अर्थात् विधुतीय शासनको अबधारणा कार्यन्वयन गर्न सुचना तथा संचार प्रविधि अपरिहार्य छ । इगवरनेन्सले स्थानीय निकायको उत्तरदायीत्व र पारदर्शितामा जोड दिन्छ जुन असल शासन र तिव्र विकासका सूचक हुन्, तसर्थ राष्ट्रको समग्र विकासको लागि स्थानीय निकायहरु सूचना तथा संचार प्रविधिमैत्री हुनु आवश्यक छ ।